# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
## बालुवाटार, काठमाडौं
## एक्काईसौं वार्षिक साधारण सभाको
## विवरण तथा निर्णयहरु

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०८/१२ गते (तदनुसार २८ नोभेम्बर २०२५) शुक्रवारका दिन बसेको ३७५ औं बैठकको निर्णय अनुसार बोलाइएको एक्काईसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष उज्ज्वल सत्यालज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. साधारण सभाको मिति, समय र स्थान:

**सभा हुने मिति** : २०८२ साल पौष ०७ गते (तदनुसार २२ डिसेम्बर २०२५), सोमवार

**स्थान** : अमृतभोग, कालिकास्थान काठमाडौं ।

**सभा सुरु हुने समय** : बिहान १०:३० बजे ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार एक्काईसौं वार्षिक साधारण सभा हुने मिति, समय र छलफल हुने विषय खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सो बमोजिमको सूचना मिति २०८२ मंसिर १४ गतेको न्युज २४ राष्ट्रिय दैनिक तथा मिति २०८२ मंसिर २९ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सभाको सूचना, वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई जानकारीको लागि डेभलपमेन्ट बैंकको वेवसाईट www.shangrilabank.com मा समेत राखिएको थियो ।

३. **वैधानिक पूर्वाधार :**

- नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागको "लाभांश घोषणा /वितरण तथा वार्षिक वित्तीय विवरण प्रकाशन सम्बन्धमा" मिति २०८२।०८।०९ गतेको पत्र (पत्र /संख्या:वि.स.सु.वि./गैरस्थलगत/ सांग्रिला/०८२/८३, च.नं. ८२) मार्फत आर्थिक वर्ष २०८१/०८२ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्राप्त भई साधारण सभा गर्न वैधानिक पूर्वाधार पुरा भएकोले मिति २०८२/०९/०७ गते डेभलपमेन्ट बैंकको साधारण सभा भएको हो ।

४. **साधारण सभाका छलफलका विषयहरु:**

(क) **साधारण प्रस्तावहरु :**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/०८२ को नाफा/नोक्सान हिसाब, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०८२/०८३ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हाल बहालवाला लेखापरीक्षक श्री डि. एस. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेन्टस् पुन: नियुक्ति हुन योग्य हुनुहुन्छ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी ३,५५,६२,५५,७१९.५५/- को ५.३५८३ प्रतिशत नगद लाभांश अर्थात रु.१९,०५,५३,६२६.३० (अक्षेरुपी उन्नाईस करोड पाँच लाख त्रीपन्न हजार छ सय छब्बीस र पैसा तीस मात्र) (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु ३,५५,६२,५५,७१९.५५(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) को ५ प्रतिशत अर्थात रकम रु.१७,७८,१२,७८५.९८ (अक्षेरुपी सत्र करोड अठहत्तर लाख बाह्र हजार सात सय पचासी र पैसा अन्ठानब्बे मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु ३,५५,६२,५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,७३,४०,६८,५०५.५३(अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) पुर्‍याउने प्रस्ताव पारित गर्ने ।

३) संचालकहरुलाई प्रदान गरिने वैठक भत्ता तथा टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्च वापत प्रदान गर्ने रकम वृद्धि गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

६) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due



Shangrila Development Bank Ltd. Kathmandu, Nepal

Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

५. **सभाको बैधानिकता:**

डेभलपमेन्ट बैंकको वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्धपत्र, नियमावली बमोजिम बोलाइएको, सभा गर्ने सम्बन्धमा ऐनको दफा ६७ (२) बमोजिम शेयरधनी महानुभावहरुलाई पठाउनु पर्ने सूचना पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिएको, साधारण सभा हुन कम्पनी ऐन बमाजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी प्रतिनिधित्व हुने गरी कम्पनीका ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन पर्ने प्रावधान रहेकोमा एक्काईसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको उपस्थिति पुस्तिकामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थिति जनाउनु हुने शेयरधनीहरुको संख्या, शेयर संख्या र प्रतिशत तल उल्लेख भए बमोजिम रहेको र सो संख्या प्रतिशत साधारण सभाको काम, कारवाही र निर्णय गर्न पर्याप्त भई गणपुरक संख्या पुगेको हुँदा सभा ऐन, नियम कानून बमोजिम वैधानिक भएको व्यहोरा डेभलपमेन्ट बैंकको कम्पनी सचिव श्री सुजनवावु अधिकारीज्यूले सभा समक्ष प्रस्तुत गर्नु भयो ।

६. **सभाको उपस्थिति:**

(क) सभामा उपस्थित संचालकहरु

१. अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू

२. संचालक श्री सुशिल काजी बानियाँज्यू

३. संचालक श्री सुजन सिद्धि बज्राचार्यज्यू

४. संचालक श्री गंगा सागर ढकालज्यू

५. संचालक श्री लिसा शेरचनज्यू

६. संचालक श्री नरेश ढुंगानाज्यू

७. स्वतन्त्र संचालक श्री रबिन्द्र नारायण प्रधानज्यू

(ख) सभामा उपस्थित पदाधिकारी

१. श्री सुयोग श्रेष्ठ- प्रमुख कार्यकारी अधिकृत

२. श्री उमेश सिंह भण्डारी- नायव प्रमुख कार्यकारी अधिकृत

३. श्री अपूर्व प्रसाद जोशी- नायव महाप्रवन्धक

४. श्री रजित मास्के- नायव महाप्रवन्धक

५. सुजनवावु अधिकारी- कम्पनी सचिव

अन्य पदाधिकारी

१) कम्पनी रजिष्ट्रार कार्यालयका कम्प्युटर अपरेटर श्री रवि लामा

२) वाहय लेखापरीक्षक श्री डि. एस. एण्ड एसोसिएट्सका श्री दिपक सिवाकोटी

(ग) शेयरधनीहरुको उपस्थिति

| कूल शेयरधनी संख्या समूह "क" र "ख" | कूल शेयर संख्या | स्वयं सभामा उपस्थित शेयरधनी संख्या | प्रतिनिधी द्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयर संख्या | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| ३९,४६३ | ३,५५,६२,५५७.२० | ३७९ | ३०१ | ६८० | १,८८,४९,१३९.५७ | ५३.०० |

७. **साधारण सभाको सभापतित्व र सभा सञ्चालन**

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा डेभलपमेन्ट वैंकको नियमावलीमा साधारण सभाको सभापतित्व संचालक समितिको अध्यक्षद्वारा गरिनेछ भन्ने व्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता डेभलपमेन्ट वैंकको संचालक समितिका अध्यक्ष उज्ज्वल सत्यालज्यूले गर्नुभयो ।

८. **स्वागत मन्तव्य**

साधारण सभामा संचालकहरु, संस्थापक शेयरधनीहरु, सर्वसाधारण शेयरधनीहरु, बाहय तथा आन्तरिक लेखापरीक्षक, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, कानूनी सल्लाहकार, व्यवस्थापन तथा कर्मचारीहरु, पत्रकारहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई डेभलपमेन्ट वैंकका संचालक श्री सुशिल काजी बानियाँज्यूले स्वागत गर्दै आफ्नो मन्तव्य व्यक्त गर्नु भयो ।

९. **वार्षिक साधारण सभाको औपचारिक उद्घाटनः**



Shangrila Development Bank Ltd. Kathmandu, Nepal

२१औं वार्षिक साधारण सभाको उद्घाटन डेभलपमेन्ट बैंकको संचालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री उज्ज्वल सत्यालज्यूले कलात्मक पानसमा दिप प्रज्वलन गरेर गर्नुभयो । सोही अवसरमा नेपालको राष्ट्रिय गान बजाई राष्ट्र र राष्ट्रियता प्रति समर्पित भाव प्रकट गरिएको थियो भने दिप प्रज्वलनका समयमा यस बैंकका शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले स्वस्ति बाचन समेत गर्नुभएको थियो ।

१०. **सभा सञ्चालनको अनुमतिः**

सभाको कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

क) साधारण सभाका सभापतित्व श्री उज्ज्वल सत्यालज्यूले साधारण सभामा छलफलका लागि पेश गरिएका प्रस्तावहरु प्रस्तुत गर्नुका साथै संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आ.व. २०८१/८२ को लेखापरीक्षकको लेखा परीक्षण प्रतिवेदन, २०८२ आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाव, नाफा/नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको आर्थिक तथा वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

ख) अध्यक्षद्वारा प्रतिवेदन प्रस्तुत गरी सकेपछि त्यस सम्वन्धमा तथा वार्षिक साधारण सभामा निर्णयार्थ पेश गरिएका प्रस्तावहरुको सम्बन्धमा छलफलमा सहभागी भई आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव, विचारहरु राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

**प्रतिवेदन उपर छलफल**

सभामा शेयरधनीहरु श्री जगन्नाथ आचार्य, श्री सुदिप श्रेष्ठ, श्री शत्रुघन श्रेष्ठ, श्री चन्द्रनारायण श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री वैजुनाथ रौनियार, श्री युगल वसेल, श्री निरुपमा गुप्ता, श्री नरसिंहलाल चंखु, श्री उत्सव सुन्दर श्रेष्ठले सभामा सहभागी भई विभिन्न सुझावहरु दिनु भयो भने श्री दिवाकर खड्का, श्री व्रम्ह देव शाक्य, श्री भेषराज भण्डारी, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री लव राज जोशी र श्री रोज कुमार श्रेष्ठले लिखित सुझाव दिनुभयो ।

- **शेयरधनी श्री जगन्नाथ आचार्य**

आ.व. ०६७/०६८ देखि लगातार लाभांश दिँदै आएको यस डेभलपमेन्ट बैंकले यस वर्ष १० प्रतिशत भन्दा वढी लाभांश दिन लागेकोमा धन्यवाद दिन चाहन्छु । संचालकहरुको भत्ता वढ्दै गर्दा शेयरधनीहरुलाई दिइने लाभांशका विषयमा समेत सुनिश्चित गरियोस् । सिएसआर अन्तर्गत हुने खर्चहरु जेन जि आन्दोलनबाट प्रभावित व्यक्तिहरुलाई समेत दिइयोस् । देशको अर्थतन्त्र राम्रो नभएको अवस्था भएकाले कर्जा असूलीमा ध्यान केन्द्रीत गर्ने तथा गुणस्तरीय कर्जा प्रवाहमा ध्यान दिन जरुरी छ । कर्जा असुलीमा लागेका कर्मचारीहरुलाई उत्प्ररित गर्दै कर्जा असुली व्यवस्थापनमा ध्यान जाओस् । ३ वर्ष भन्दा वढी समय एकै ठाउँमा काम गरिरहेका कर्मचारीहरुलाई सरुवा गर्ने व्यवस्था गरियोस् ।



Shangrila Development Bank Ltd. Kathmandu, Nepal

**शेयरधनी श्री सुदिप श्रेष्ठ**

बैंकको साधारण सभा समयमा नै हुने गरेकोमा भविष्यमा समेत यो कायम होस् । प्रस्तावित लाभांशको लागि धन्यवाद । उपयुक्त बैंक तथा वित्तीय संस्थासंग मर्जर/प्राप्ती गरेर थप बलियो हुन सुझाव दिन चाहन्छु । एनपिएल बढ्दै गएकाले कर्जा असुली व्यवस्थापनमा ध्यान दिन आवश्यक देखिन्छ । गैर बैकिङ्ग सम्पत्ति बढ्दै गएकाले यसको व्यवस्थापनमा ध्यान केन्द्रित गर्न सुझाव दिन चाहन्छु ।

**शेयरधनी श्री शत्रुघन श्रेष्ठ**

राजनैतिक अस्थिरता, कमजोर अर्थतन्त्र, अत्यधिक तरलताको अवस्था, कर्जा नबढेको अवस्थामा समेत लाभांश प्रस्तावले खुशी बनाएको छ । साँग्रिला डेभलपमेन्ट बैंकका वित्तीय सूचकहरु बलियो देखिन्छ । कर्जा असुली प्रमुख समस्या भएकाले त्यस तर्फ ध्यान दिन सुझाव दिन चाहन्छु । भविष्यमा साँग्रिला डेभलपमेन्ट बैंकले विकास बैंकहरुमा सवैभन्दा अग्रस्थान हासिल गर्न सकोस् एवं डिजिटल कारोवार मार्फत डिजिटल रुपान्तरणका लागि बैंकमा नयाँ नयाँ प्रविधिहरु भित्राउन सफल होस् भन्ने सुझाव दिन चाहन्छु ।

**शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ**

राम्रो लाभांशका लागि संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । यस किसिमकै लाभांश भविष्यमा समेत प्राप्त गर्न सकियोस् भन्ने चाहना व्यक्त गर्न चाहन्छु । कर्मचारी खर्च, व्यवस्थापन खर्च घटाउँदै आम्दानी वढाउनमा जोड दिन आवश्यक छ । आगामी वर्ष १५ प्रतिशत लाभांश क्षमता राख्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।

**शेयधरनी श्री उद्धव प्रसाद धिमिरे**

उपयुक्त लाभांशका लागि संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । बैंकको लाभांशको इतिहास हेर्दा राम्रो देखिन्छ । २१ वर्ष पार गरिसकेको हिसावले बैंकको आफ्नै कर्पोरेट अफिस हुनु आवश्यक देखिन्छ । राम्रो रेसियो प्राप्त गरेको अवस्थामा यस साँग्रिला डेभलपमेन्ट बैंक मर्जर/प्राप्तिमा जानु उपयुक्त देखिन्छ । वित्तीय अपराधको नियन्त्रणमा बैंकको थप पहल आवश्यक छ । लेखापरीक्षण कार्य समयमै सक्नु उपयुक्त हुन्छ । बैंकको Team work राम्रो देखिन्छ । संचालकको भत्ता वढाउने प्रस्ताव उपयुक्त देखिन्छ । सवै प्रदेशमा पुग्ने गरी संस्थागत सामाजिक उत्तरदायित्वको खर्च गर्न आवश्यक देखिन्छ ।

**शेयरधनी श्री वैजुनाथ रौनियार**

अफठ्यारो परिस्थितिमा समेत बैंकले दिन लागेको लाभांशका लागि संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । आगामी वर्षहरुमा समेत लाभांश क्षमता बढ्दै जाओस् भन्ने चाहना व्यक्त गर्दछु । प्रति शेयर आम्दानीको वृद्धि तथा Asset value per share राम्रो देखिन्छ । लाभांश स्विकृति गर्दा नियमन निकायबाट प्राप्त दुई वटा मात्र शर्त प्राप्त हुनुलाई राम्रो मान्न सकिन्छ । बाध्यतात्मक अवस्थामा बाहेक मर्जर/प्राप्तिमा जानु उपयुक्त देखिदैन । बैंकको आफ्नै भवन हुनु आवश्यक छ । खराव कर्जा घटाउनु र गैर वैकिङ्ग सम्पत्तिको उचित व्यवस्थापन हुनु आवश्यक देखिन्छ ।

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

**शेयरधनी श्री युगल वसेल**

लामो समय पश्चात दुई अंकको लाभांश प्रदान गर्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु । राष्ट्रिय स्तरका डेभलपमेन्ट बैंकको वित्तीय अवस्थाको तुलनामा यस सांग्रिला डेभलपमेन्ट बैंकको स्थान राम्रो तथा प्रगतिउन्मुख नै देखिन्छ । वासलातको आकार वढेको देखिन्छ । निक्षेप, प्रति शेयर आम्दानी, कुल सम्पत्ति, ऋण लगानी, जगेडा कोष, खुद व्याज आम्दानी आदिमा वृद्धि हुँदै गएको देखिनु सवल पक्ष मानिन्छ भने NPL, कर्मचारी र अन्य संचालन खर्च वढ्दै गएको देखिन्छ । तसर्थ यस तर्फ व्यवस्थापनको ध्यान जानु जरुरी रहेको छ । बैंकको निष्कृय कर्जा घटाउने रणनीति के के रहेको छ ? प्रमुख कार्यकारी अधिकृतको तलव भत्ता वढेको देखिन्छ । यसमा के कसो भएको भएको जानकारी दिन अनुरोध गर्दछु ।

**शेयरधनी श्री निरुपमा गुप्ता**

सांग्रिला डेभलपमेन्ट बैंकको वित्तीय अवस्था राम्रो देखिन्छ । विशेष ध्यान दिएर उच्च प्रतिशतमा रहेको खराव कर्जा घटाउन आवश्यक रहेको देखिन्छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने खर्च शिक्षा क्षेत्रमा समेत गरिनु पर्दछ । ग्राहक मैत्री सेवाका लागि बैंकको रणनीति के रहेको छ सो बारेमा प्रष्ट पारिदिनुहुन अनुरोध गर्दछु । साना तथा मझौला उद्यम कर्जामा हुने लगानीका सन्दर्भमा बैंकको दिर्घकालिन योजना के रहेको छ? प्राथमिकताका आधारमा वित्तीय साक्षरतामा ध्यान दिनुपर्दछ ।

**शेयरधनी श्री नरसिंहलाल चंखु**

लाभांशका लागि संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । वितरणयोग्य नाफा वढेको देखिन्छ । जोखिम व्यवस्थापनमा जोड दिन आवश्यक देखिन्छ । खराव कर्जा तथा सम्पत्ति व्यवस्थापनमा विशेष ध्यान दिनु आवश्यक छ । प्रति कर्मचारी आम्दानी बढाउनुपर्ने आवश्यकता छ । व्यवस्थापन थप वलियो हुन र संस्थागत सुशासनमा थप ध्यान दिन आवश्यक देखिन्छ ।

**शेयधरनी श्री उत्सव सुन्दर श्रेष्ठ**

वितरण गर्न लागिएको लाभांशमा नगद लाभांश भन्दा बोनस शेयर बढी रहोस् भन्ने कामना रहेकोमा नगद लाभांश र बोनस शेयर बरावर प्राप्त भएको छ । वार्षिक प्रतिवेदनको पेज नं. २३ र १०६ मा उल्लेखित संचालक समितिमा भएको खर्चमा भएको फरक पर्नाको कारण के हो? वार्षिक प्रतिवेदनको पेज नं १०६ मा उल्लेखित Legal Expenses वढ्नुका कारणहरु के के हो ? संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत हुने खर्चहरु पिछडिएको समुदायमा समेत हुने गरी खर्च गर्न सुझाव दिन चाहन्छु । साधारण सभामा गरिने खर्च किन बढी छ? पेज ७२ मा गैर बैकिङ्ग सम्पत्ति ५२ करोड भन्दा वढीको देखिन्छ । आजको अवस्थामा उक्त गैर वैकिङ्ग सम्पत्तिको अद्यावधिक अवस्था के रहेको छ ? गैर वैकिङ्ग सम्पत्ति बढाउनुको सट्टा कर्जा असुलीका लागि अन्य वैकल्पिक उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ । बैंकको वार्षिक प्रतिवेदनमा कर्मचारी गणेश कंडेलको तस्विर समावेश हुन नसक्नुको कारण क हो ? जानकारी माग्दछु ।

**शेयरधनी श्री दिवाकर खड्का**

हालको विषम परिस्थितमा समेत १० प्रतिशत लाभांश प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । संचालक समितिको वैठक भत्तालाई क्रमशः वढाउदै लैजान सुझाव दिन चाहन्छु । गैर वैकिङ्ग सम्पत्तिको व्यवस्थापनमा विशेष ध्यान दिन अनुरोध गर्दछु ।

**शेयरधनी श्री ब्रम्ह देव शाक्य**

१० प्रतिशत लाभांश प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । बैंकले खुद मुनाफामा २०.३० प्रतिशतले वृद्धि गर्न सफल भएकोमा खुशी लागेको छ भने निष्कृय कर्जा बढ्दै गएको देखिएकाले यसलाई घटाउनका लागि उपयुक्त उपाय अवलम्बन गर्न अनुरोध गर्न चाहन्छु । साइवर क्राइमलाई नियन्त्रण गर्न विशेष ध्यान दिन अनुरोध गर्न चाहन्छु । मर्जर/प्राप्ती मार्फत डेभलपेन्ट बैंकबाट वाणिज्य बैंकमा रुपान्तरण हुन सुझाव दिन चाहन्छु ।

**शेयरधनी श्री भेषराज भण्डारी**

१० प्रतिशत लाभांश प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी वर्ष १५ प्रतिशत लाभांशको रुपमा वोनश शेयर दिन सकोस् भन्ने अपेक्ष गर्दछु । निष्कृय कर्जा बढ्दै गएको देखिएकाले यस तर्फ विशेष ध्यान जानु आवश्यक छ । वित्तीय अपराधमा विशेष ध्यान दिएर विभिन्न ठगी तथा चोरीहरुको घटना नियन्त्रण गर्न आवश्यक देखिन्छ । वितरण गर्न बाँकी लाभांश सम्वन्धित शेयरधनीहरुले प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्न जोड दिन चाहन्छु । कर्मचारीहरुको मनोवल वृद्धि गर्न, कर्मचारीहरुमा उत्प्रेरणा सृजना गर्न विभिन्न कार्यक्रमहरु आवश्यक देखिन्छ ।

साथै श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री लव राज जोशी र श्री रोज कुमार श्रेष्ठले समेत बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै लिखित सुझाव दिनुभएको थियो ।

**<u>शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएको उपरोक्त जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले निम्न जवाफ दिनुभयो ।</u>**

सभाका सभापति श्री उज्ज्वल सत्यालज्यू, प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले शेयरधनीहरुले डेभलपमेन्ट बैंकका काम, क्रियाकलाप, उन्नति, प्रगतिका सम्बन्धमा गर्नु भएको सराहना प्रति धन्यवाद ज्ञापन गर्नुका साथै दिनु भएको बहुमुल्य सल्लाह सुझाव प्रति आभार व्यक्त गरी उक्त सुझावहरुलाई डेभलपेन्ट बैंकको भावी योजनाको मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता प्रकट गर्दै शेयरधनीहरुले छलफलका क्रममा उठाउनु भएका प्रश्नहरुको क्रमवद्ध रुपमा जवाफ दिनुका साथै राख्नु भएको जिज्ञासाहरुलाई देहाय अनुसार स्पष्ट पार्नु भयो ।

**शेयरधनीहरुको जिज्ञासामा सञ्चालक समितिका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूको जवाफ**

सवै शेयरधनीको जिज्ञासा एवं सुझावलाई बैंकले गम्भिर रुपमा लिएको छ । हामीले यहाँहरुले उठाउनु भएको विषयलाई विशेष ध्यान दिएर अगाडी बढ्ने छौं । यहाँहरुले उठाउनु भएका प्रश्नहरुको जवाफका लागि प्रमुख कार्यकारी अधिकृतलाई अनुरोध गर्दछु ।

**शेयरधनीहरुको जिज्ञासामा अध्यक्षज्यूको अनुरोधमा प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूको जवाफ**

सम्पूर्ण शेयरधनीहरुले राख्नु भएको मन्तव्यका लागि धर्न्यवाद दिन चाहन्छु । शेयरधनीहरुले उठाउनु भएको जिज्ञासालाई एकमुष्ठ रुपमा जवाफ दिन चाहन्छु । शेयरधनीहरुले उठाउनु भएको प्रमुख विषय निष्कृय कर्जा र

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

गैर बैकिङ्ग सम्पत्तिको विषयमा संचालक समितिले हामीलाई नियमित Guide गरिरहनु भएको छ । हामीले यसको व्यवस्थापनमा विशेष चासो राखी नियमित रुपमा विभिन्न उपायहरु अवलम्बन गरिरहेका छौ । परिस्थिति गाह्रो छ । यस आर्थिक वर्षमा निष्कृय कर्जा तथा गैर बैकिङ्ग सम्पत्ति केही घटाएर जाने प्रयासमा रहेको जानकारी गराउन चाहन्छु । बैंकको कर्पोरेट अफिसका लागि आफ्नै घर हुनुपर्छ भन्ने विषयमा हामी यसमा पहल गरिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । बैंक सञ्चालक समितिले समेत यस विषयलाई गहन रुपमा लिएको र बैंकलाई घाटा नहुने गरी यस तर्फ अगाडि वढ्ने आन्तरिक सोच बनाइएकाले उपयुक्त विकल्प प्राप्त हुनासाथ घर/जग्गा खरिद तथा निर्माण प्रकृयामा हामी अगाडि वढ्ने छौ । एक ठाउँमा उल्लेखित संचालक समितिको खर्चमा संचालक समितिको बैठक भत्ता मात्र समावेश भएको र अर्को ठाउँमा उल्लेखित खर्चमा संचालक समितिसँग सम्वन्धित अन्य खर्चहरु तथा अन्य उपसमितिको खर्च समेत जोडिएकाले फरक पर्न गएको व्यहोरा जानकारी गराउन चाहन्छु । कानूनी खर्च तथा अन्य कन्सल्टेशनसँग सम्वन्धित खर्चहरु कानूनी खर्चमा समावेश रहेकाले सो खर्चहरु बैंकको हितका लागि खर्च भएको हो । अन्य कर्मचारीहरुको १४ प्रतिशत तलव वृद्धि भएको हो तर प्रमुख कार्यकारी अधिकृतको दोस्रो पटक भएको नियुक्तिका समयमा र तत् पश्चात तलव वृद्धि नभएको जानकारी गराउन चाहन्छु । हाम्रो कर्मचारी गणेश कंडेल अर्पभ्रट विदामा वसेका कारण सामूहिक तस्विर खिच्न नपाइएकाले वार्षिक प्रतिवेदनमा उहाँको तस्विर राख्न नसकिएको र यसमा अन्य केही कारण नरहेको जानकारी गराउन चाहन्छु । लेखापरीक्षण कार्य समयमा सम्पन्न गरिरहेका छौ र आगामी दिनमा समेत समयमा सम्पन्न गरिनेछ । साथै, आगामी आर्थिक वर्षहरुमा समेत दोहोरो अंकमा लाभांशका लागि प्रयास गरिनेछ । धन्यवाद ।

१२. **साधारण सभाका निर्णयहरु:**

साधारण सभाद्वारा पारित गरिनु पर्ने साधारण तथा विशेष प्रस्तावहरु अध्यक्षज्यूले पारितका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतिले प्रस्तावहरु पारित भै निम्न निर्णयहरु गरियो ।

क) **सामान्य प्रस्ताव उपरका निणर्यहरु:**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने निर्णय गरियो ।

(३) आर्थिक वर्ष २०८२/०८३ मा डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम बैंकको आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न श्री डि. एस. एण्ड एसोसिएट्स चार्टड एकाउण्टेन्ट्सलाई निजको पारिश्रमिक वापत लेखापरीक्षण शुल्क, Tax Audit, Long Form Audit Report, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण र यातायात खर्च समेत गरी रु. २०,००,०००/-( अक्षेरेपी रु बीस लाख) (मूल्य अभिबृद्धि कर वाहेक) प्रदान गर्ने गरी नियुक्त गर्ने निर्णय गरियो ।

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी ३,५५,६२,५५,७१९.५५/- को ५.३५८३ प्रतिशत नगद लाभांश अर्थात रु.१९,०५,५३,६२६.३० (अक्षेरुपी उन्नाईस करोड पाँच लाख त्रीपन्न हजार छ सय छब्बीस र पैसा तीस मात्र) (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**<u>ख) विशेष प्रस्ताव उपरको निर्णयहरु:</u>**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु ३,५५,६२,५५,७१९.५५(अक्षेरुपी तीन अर्व पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) को ५ प्रतिशत अर्थात रकम रु.१७,७८,१२,७८५.९८ (अक्षेरुपी सत्र करोड अठहत्तर लाख बाह्र हजार सात सय पचासी र पैसा अन्ठानब्बे मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु ३,५५,६२,५५,७१९.५५/-(अक्षेरुपी तीन अर्व पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,७३,४०,६८,५०५.५३(अक्षेरुपी तीन अर्व त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

३) संचालकहरुलाई प्रदान गरिने वैठक भत्ता तथा टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्च वापत प्रदान गर्ने रकम वृद्धि गर्ने सम्वन्धि प्रस्ताव देहाय अनुसार पारित गर्ने निर्णय गरियो ।

(क) सञ्चालक समितिको बैठकमा उपस्थिती भए वापत अध्यक्षलाई रु १५,०००/- र अन्य सञ्चालकलाई रु १२,०००/- बैठक भत्ता प्रदान गरिनेछ । विकास बैंकको कामको सिलसिलामा यात्रा गर्दा अध्यक्ष र अन्य सञ्चालकलाई हवाईजहाज, ट्याक्सी, बस, रिक्सा लगायतका भ्रमण साधनहरुको भाडा वास्तविक विल अनुसार प्रदान गरिनेछ ।

**(ख)** सञ्चालक समिति अध्यक्ष र सदस्यहरुलाई संचार तथा पत्रपत्रिका खर्च बापत रु ५,०००/- मासिक प्रदान गरिनेछ ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा देहाय अनुसार आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

प्रबन्धपत्रको संशोधनको तीन महले विवरण

| दफा नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ५(ख) | विकास बैंकको जारी पुंजी रु. ३,५५,६२,५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,५५,६२,५५७.२० (तीन करोड पचपन्न लाख बयसट्ठी हजार पाँच सय सन्ताउन्न दशमलव बीस) थान साधारण शेयर मा विभाजन गरिएको छ । | विकास बैंकको जारी पुंजी रु ३,७३,४०,६८,५०५.५३/-( अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,७३,४०,६८५.०६ (तीन करोड त्रीहत्तर लाख चालीस हजार छ सय पचासी दशमलव शून्य छ) थान साधारण शेयर मा विभाजन गरिएको छ । | ५ प्रतिशत बोनस शेयर वितरण गरे पश्चात विकास बैंकको जारी तथा चुक्ता पुंजीमा वृद्धि हुने भएकोले । |
| ५(ग) | विकास बैंकको चुक्ता पुंजी रु ३,५५६,२५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) हुनेछ । | विकास बैंकको चुक्ता पुंजी रु ३,७३,४०,६८,५०५.५३/-( अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) हुनेछ । | |

प्रबन्धपत्रमा संशोधन

५(ख) विकास बैंकको जारी पुंजी रु. ३,७३,४०,६८,५०५.५३/-(अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र)हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,७३,४०,६८५.०६ (तीन करोड त्रीहत्तर लाख चालीस हजार छ सय पचासी दशमलव शून्य छ) थान साधारण शेयर मा विभाजन गरिएको छ ।

५(ग) विकास बैंकको चुक्ता पुंजी रु. ३,७३,४०,६८,५०५.५३/-(अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र )हुनेछ ।

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

## नियमावलीको संशोधनको तीन महले विवरण

| नियम नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| २९ (१) (ग) | सञ्चालक समितिको बैठकमा उपस्थिती भए बापत अध्यक्षलाई रु ८,०००/- र अन्य सञ्चालकलाई रु ७,०००/- बैठक भत्ता प्रदान गरिनेछ । विकास बैंकको कामको सिलसिलामा यात्रा गर्दा अध्यक्ष र अन्य सञ्चालकलाई हवाईजहाज, ट्याक्सी, बस, रिक्सा लगायतका भ्रमण साधनहरुको भाडा वास्तविक विल अनुसार प्रदान गरिनेछ । | सञ्चालक समितिको बैठकमा उपस्थिती भए बापत अध्यक्षलाई रु १५,०००/- र अन्य सञ्चालकलाई रु १२,०००/- बैठक भत्ता प्रदान गरिनेछ । विकास बैंकको कामको सिलसिलामा यात्रा गर्दा अध्यक्ष र अन्य सञ्चालकलाई हवाईजहाज, ट्याक्सी, बस, रिक्सा लगायतका भ्रमण साधनहरुको भाडा वास्तविक विल अनुसार प्रदान गरिनेछ । | समयानुसार सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नुपर्ने भएकोले |
| २९ (१) (ङ) | सञ्चालक समिति अध्यक्ष र सदस्यहरुलाई संचार तथा पत्रपत्रिका खर्च बापत रु १५००/- मासिक प्रदान गरिनेछ । | सञ्चालक समिति अध्यक्ष र सदस्यहरुलाई संचार तथा पत्रपत्रिका खर्च बापत रु ५,०००/- मासिक प्रदान गरिनेछ । | समयानुसार सञ्चालकहरुको संचार तथा पत्रपत्रिका खर्च वृद्धि गर्नुपर्ने भएकोले |

## नियमावलीमा संशोधन

२९ (१) (ग) सञ्चालक समितिको बैठकमा उपस्थिती भए वापत अध्यक्षलाई रु १५,०००/- र अन्य सञ्चालकलाई रु १२,०००/- बैठक भत्ता प्रदान गरिनेछ । विकास बैंकको कामको सिलसिलामा यात्रा गर्दा अध्यक्ष र अन्य सञ्चालकलाई हवाईजहाज, ट्याक्सी, बस, रिक्सा लगायतका भ्रमण साधनहरुको भाडा वास्तविक विल अनुसार प्रदान गरिनेछ ।

२९ (१) (ङ) सञ्चालक समिति अध्यक्ष र सदस्यहरुलाई संचार तथा पत्रपत्रिका खर्च बापत रु ५,०००/- मासिक प्रदान गरिनेछ ।

५) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धि सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धि कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**विविध**

विविध अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले छलफल नभएको ।

१३. **धन्यवाद प्रदान तथा सभाको समापन**

डेभलपमेन्ट बैंकलाई निरन्तर सहयोग पुऱ्याउँदै आउनु भएका सम्पूर्ण संचालकहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड तथा अन्य सम्बन्धित सम्पूर्ण निकायहरु, ग्राहक महानुभावहरु अतिथिज्यूहरु, पत्रकारहरु प्रति र डेभलपमेन्ट बैंकको उन्नतिमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण संस्था, बैंकमा कार्यरत सम्पूर्ण मानव संशाधन परिवार तथा बैंक उच्च व्यवस्थापन र कार्यक्रम स्थल उपलव्ध गराउनुहुने अमृतभोग परिवार प्रति धन्यवाद ज्ञापन गर्दै अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूले एक्काईसौं वार्षिक साधारण सभाको समापन गर्नुभयो ।

| | | |
|---|---|---|
| ............................ | Shangrila Development Bank Ltd. Kathmandu, Nepal | ............................ |
| सुजनवावु अधिकारी | | उज्ज्वल सत्याल |
| **कम्पनी सचिव** | | **अध्यक्ष** |

सभा सम्पन्न भएको मितिः २०८२ साल पुस ०७ गते तदनुसार २२ डिसेम्बर २०२५, सोमवार ।